# Baldwin-Whitehall School District

## Baldwin Middle School

4653 Clairton Blvd • Pittsburgh, Pennsylvania 15236
Telephone: 412-885-7500 • FAX: 412-885-6652 • www.bwschools.net


बाल्डविन मिडल स्कूल परिवारहरू,

बाल्डविन मिडल स्कूलको नवनियुक्त प्रिन्सिपलको रूपमा म तपाईंलाई अत्यन्तै हर्ष तथा उत्साहका साथ 2021-22 स्कूल वर्षमा स्वागत गर्दछु। म आशा गर्दछु कि यस समरले तपाईं र तपाईंको परिवारलाई साथी तथा परिवारहरूसँग पुनः जोडिन र तपाईंको ब्याट्रीहरू पुनः चार्ज गर्न एक अवसर प्रदान गर्यो। मलाई अहिलेसम्म नभेट्नु भएको हुनसक्नेहरूको लागि म पच्चीस वर्षदेखि बाल्डविन-व्हाइटहल स्कूल डिस्ट्रिक्टमा एक शिक्षक तथा प्रशासक रहिआएको छु। म सबै विद्यार्थीहरूलाई शैक्षिक तथा सामाजिक दुवै रूपमा विकास गर्ने अवसर हुने एक सकारात्मक सिकाइ वातावरण सिर्जना गर्नको लागि हाम्रो समर्पित कर्मचारीसँग सहकार्य जारी राख्ने अवसर पाउँदा रोमाञ्चित छु। म मिस्टर जोनाथन पिबल्स, सहायक प्रिन्सिपलसँग मेरो काम जारी राख्न तत्पर छु, जो धेरै वर्षदेखि BWSD को एक समर्पित तथा अभिन्न सदस्य रहिआउनु भएको छ। म हाम्रो मिडल स्कूल विद्यार्थीहरूको अद्वितीय आवश्यकताहरू पूरा गर्ने स्कूल भित्र एउटा स्कूल निर्माण गर्नको लागि हाम्रो प्रयासहरूलाई केन्द्रित मिस्टर पिबल्सको विशेषज्ञता र समर्पणको उपयोग गर्न तत्पर छु।

हाम्रो फेकल्टी यस समरमा आगामी शैक्षिक वर्षको लागि तयारीमा अत्यन्तै उत्पादक रहेको छ। उनीहरूले आफ्नो निर्देशात्मक अभ्यास तथा सीपहरू थप वृद्धि गर्नको लागि काम गरेका छन् तथा सहयोग गरेका छन्। धेरै शिक्षकहरूले विशेषगरि आफ्नो समय क्यानभास प्लेटफर्मको उपयोगमा केन्द्रित गरेका छन्, यो सुनिश्चित गर्दै कि उनीहरूले ती पाठहरू डिजाइन तथा कार्यान्वयन गर्छन् जसले अनलाइन सिकाइको सर्वोत्तम लाभ लिन्छ र उपस्थित भएर गरिने शिक्षणको उत्कृष्ट पक्षहरूका साथ सन्तुलन गर्दछ। फेकल्टीले आगामी स्कूल वर्षको लागि दैनिक दिनचर्या तथा निर्देशात्मक अभ्यासहरूको हिस्साको रूपमा यस क्यानभास प्लेटफर्मलाई उपयोग गर्न जारी राख्नेछन्। अपेक्षा यो छ कि सबै शिक्षकहरूले एउटा क्यानभास पृष्ठ बनाएर राख्नेछन् जसले विद्यार्थीहरूलाई सिकाइ प्रक्रियामा सक्रियताकासाथ संलग्न हुनमा मद्दत गर्नको लागि संसाधनहरू प्रदान गर्दछ।

हाम्रो कर्मचारीले मिडल स्कूलका विद्यार्थीहरूको अद्वितीय आवश्यकताहरूमा केन्द्रित गर्ने वातावरणलाई प्रोत्साहन गर्न जारी राख्नेछन्। यस प्रतिबद्धताको एक हिस्साको रूपमा मिडल स्कूल प्रशासन तथा स्कूल परामर्शदाताहरूले "ह्याबिट्स अफ सक्सेस" नामक एक व्यापक होमरूम कार्यक्रम विकास गर्नको लागि शिक्षकहरूको एक समितिसँग मिलेर काम गरेका छन्। समितिले गतिविधिहरूको एक शृंखला भएको एक साप्ताहिक सेड्युल स्थापित गरेको छ जसमा उचित सामाजिक/ भावनात्मक मिडल स्कूल विषयहरूका साथै अध्ययन कौशल, कमन सेन्स मेडिया, करियर योजना बारे पाठहरू समावेश हुन्छन्। प्रत्येक हप्ताको दौरान, टीम निर्माण गतिविधिहरूका साथै शिक्षणको लागि निर्धारित दिनहरू हुन्छन्। होमरूम कमिटीसँग मिलेर हामीले प्रत्येक सातौं तथा आठौँ कक्षाको लागि एजेण्डा फिर्ता ल्याउँदैछौं। शिक्षकहरूले विद्यार्थीहरूलाई ट्र्याकको एउटा उपकरणको रूपमा प्रयोग गर्ने बानी विकास गर्न र स्कूलपछि उनीहरूको जिम्मेवारीहरूलाई प्राथमिकता दिन तथा उनीहरूको समय व्यवस्थापन गर्न मद्दत गर्दछन्। एजेण्डामा विद्यार्थीहरूलाई उनीहरूको विभिन्न विषय क्षेत्रहरूमा मद्दत गर्नको लागि डिजाइन गरिएको एक व्यापक संसाधन विभाग पनि पर्दछ।

मिडल स्कूल फेकल्टी तथा कर्मचारीले सबै बालबालिकाहरूको लागि मिडल स्कूल वर्षलाई सकारात्मक तथा यादगार बनाउँदै स्कूल तथा समुदायसँग पुनः जोडिन हाम्रो विद्यार्थी तथा आमाबुवाहरूको लागि अवसरहरू खोज्नेछन्। हामीले बुधबार, सेप्टेम्बर 1, 2021 मा नयाँ स्कूल वर्ष सुरु गरिसकेपछि म आजीवन विद्यार्थी तथा जिम्मेवार नागरिकहरू विकास गर्नको लागि प्रतिभाशाली विद्यार्थी तथा एक समर्पित फेकल्टीसँग काम गर्न तत्पर छु!

भवदीय,

Scott D. Ross M.Ed.
प्रिन्सिपल

**अपडेट गरिएको मिडल स्कूल बेल समय तालिका:**

| आगमन | 2nd पिरियड | 3rd पिरियड | होमरूम | 4th पिरियड | 5th पिरियड |
|---|---|---|---|---|---|
| बिहान 7:55-8:20 | बिहान 8:20- 9:01 | बिहान 9:05-9:46 | बिहान 9:50 – 10:08 | बिहान 10:12-10:53 | बिहान 10:57-11:38 |

| 6th पिरियड | 7th पिरियड | 8th पिरियड | 9th पिरियड | प्रस्थान |
|---|---|---|---|---|
| बिहान 11:42 - दउँसो 12:24 | दिउँसो 12:28-1:10 | दिउँसो 1:14-1:56 | दिउँसो 2:00- 2:40 | दिउँसो 2:40 |

**मिडल स्कूल काउन्सेलर जानकारी:**

- मिस जोनसन (A-L) – rjohnson@bwschools.net
- मिस लीडबिटर (M-Z) – jleadbitter@bwchools.net
- यदि तपाईंसँग तपाईंको वर्तमान समय तालिका (सेड्युल) सम्बन्धी प्रश्नहरू छन् भने कृपया हाम्रो स्कूल काउन्सेलरहरूलाई सम्पर्क गर्नुहोस्।

**7 कक्षा तथा नयाँ विद्यार्थी ओरिएन्टेसन:**

- 7 कक्षा तथा नयाँ विद्यार्थीको ओरिएन्टेसन अगस्ट 30, बेलुका 6:30:8:30 को लागि निर्धारण गरिएको छ – (थप जानकारीमा पहुँच पाउनको लागि क्लिक गर्नुहोस्)
- यो ओरिएन्टेसन केही मुख्य प्रक्रिया तथा अपेक्षाहरूलाई प्रकाश पार्दै प्रशासनबाट एउटा प्रस्तुतिका साथ सुरु हुनेछ।
- त्यसपछि विद्यार्थी तथा आमाबुवाहरूले आफ्नो सेड्युलमा हिड्न, आफ्नो 7 कक्षाको शिक्षकसँग भेट्न, र आफ्नो शिक्षकको कक्षाकोठाको अपेक्षाहरू जान्न अवसरहरू पाउनेछन्।
- स्कूल काउन्सेलरहरूले विद्यार्थीहरूले आफ्नो मिडल स्कूल सेड्युल कसरी पहुँच गर्ने, प्रिन्ट गर्ने र पढ्न सक्छन् भन्ने बारे एउटा छोटो भिडियो सेयर गरे। 7 कक्षा तथा नयाँ विद्यार्थीको ओरिएन्टेसन नाइटको लागि विद्यार्थीहरूले एक उपकरणको माध्यमबाट आफ्नो सेड्युलमा पहुँच पाउन वा ओरिएन्टेसनमा आफुसँग यसको एक प्रिन्ट गरिएको प्रतिलिपि ल्याउन आवश्यक हुन्छ।
- 8 कक्षाको ओरिएन्टेसन भर्चुवल हुनेछ र सेप्टेम्बर 22 को लागि बेलुका 6:30-8:30 सम्मको लागि निर्धारण गरिएको छ।

**स्कूल आउन र फर्किन यातायात:**

- मिडल स्कूल विद्यार्थीको बिहानी ड्रप-अफ (बिहान 7:55-8:15) सेन्ट्रल लट-अडिटोरियम इन्ट्रान्स (#24) मा हुनेछ।
- मिडल स्कूलका विद्यार्थीहरूको दिउँसोको पिक-अप सेन्ट्रल लटमा दिउँसो 2:40-3:00 सम्म हुनेछ।
- यदि विद्यार्थीहरू ढिलो आइपुग्दै छन् वा छिटो प्रस्थानको लागि पिक-अप गरिन्छन् भने उनीहरूले स्कूलको अगाडि सेक्युरिटी इन्ट्रान्स प्रयोग गर्नको लागि छन्।
- बिहानको ड्रप अफ तथा दिउँसोको पिक अप समयमा निजी गाडीको लागि साउथ लट बन्द हुनेछ।

**उपस्थिति प्रक्रिया:**

- अनुपस्थितिको, ढिलाई, वा छिटो प्रस्थानको आग्रहहरू (एक्सक्युज)मा डिस्ट्रिक्ट नीतिहरू अनिवार्य पालना गर्नु पर्दछ।
- विद्यार्थी तथा आमाबुवाहरूलाई डिस्ट्रिक्ट नीति 204 (उपस्थिति) तथा 204.1 (राम्रो कारण बिनाको अनुपस्थिति) (Truancy) समिक्षा गर्नको लागि डिस्ट्रिक्ट वेबसाइट हेर्न दृढतापूर्वक प्रोत्साहित गरिन्छ।
- आग्रहहरू(एक्सक्युज) हाम्रो उपस्थिति सचिवहरू तारा हुचिन्सन (thutchinson@bwschools.net) र एमी ग्रेग (agregg@bwschools.net) लाई इमेल गर्न सकिन्छ।

**प्रविधि तथा क्रोमबुक जानकारी:**

- BWSD प्रविधि सेवा अवलोकनको लागि क्लिक गर्नुहोस्) –यस पेजमा निम्न बारे जानकारी हुन्छन्:
  - 1:1 इनिसिएटिभ र BWSD क्रोमबुक ह्याण्डबुक
  - क्रोमबुक सेल्फ-प्रोटेक्सन योजना –आमाबुवाहरूलाई सम्झाइन्छ कि क्रोमबुक प्रोटेक्सन प्लानमा सहभागी हुनको लागि $30.00 खर्च छ। सबै भुक्तानीहरू अनिवार्य डिस्ट्रिक्टको इ-फण्ड इलेक्ट्रोनिक भुक्तानी प्रणाली (क्रोमबुक प्रोटेक्सन प्लान छनौट गर्नुहोस्) प्रयोग गरेर गर्नुपर्दछ।

**थप जानकारी:**

- स्कूल भवन भित्र र सबै डिस्ट्रिक्ट यातायातमा हुँदा सबै व्यक्तिहरूले मास्क अनिवार्य लगाउनु पर्दछ।
- खाना सेवाबाट जानकारी यहाँ प्राप्त गर्न सकिन्छ: खाना सेवा अपडेटहरू
- ब्याक-टू-स्कूल आपूर्ति सूचीहरू – पहुँच लिन क्लिक गर्नुहोस्

*एक समान अवसर दिने रोजगारदाता*